नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेबसाईट: www.daorasuwa.moha.gov.np
476W+J6F
धुन्चे, रसुवा

पत्र संख्या : ०७८।७९
चलानी नम्बर :

मितिः २०७८।०७।१७

# प्रेस विज्ञप्ति

यस वर्षको यमपञ्चक (तिहार) ले नेपाल र नेपालीको घरदैलोको संघारमा पाइला टेकेको सुखद उपलक्ष्यमा सम्पुर्ण नेपाली आमाबुबा, दिदीबहिनी, दाजुभाईमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि जिल्ला प्रशासन कार्यालय, रसुवा परिवार हार्दिक शुभकामना व्यक्त गर्दछ । ऐतिहासिक महत्व बोकेको राष्ट्रिय पहिचान तथा सांस्कृतिक गौरवको प्रतीकको रुपमा रहेको यस पर्वलाई अनुशासित, सभ्य, शालीन र मितव्ययी रुपमा मनाउँदै आपसी सद्‌भाव, समन्वय र मित्रता अभिवृद्धि गर्ने तथा आपसी द्वन्द, वैमनस्य एवम् तिक्तता छाडी समग्र प्रगतिपथमा अघि बढ्नमा समेत सहयोगीसिद्ध हुनेमा कार्यालय विश्वस्त रहेको छ ।

तिहारमा देउसी भैलोजस्ता मनोरञ्जनात्मक क्रियाकलापहरु कोभिड सुरक्षा सतर्कता अपनाई राती आठ बजेसम्म मात्र सञ्चालन गर्नुहुन र देउसी भैलो कार्यक्रमलाई मनोरञ्जनात्मक रुपमा मात्र लिनु हुन, कुनै व्यक्ति वा संस्थाबाट अनुचित दवावमूलक माग राख्ने, समयपूर्व पत्रचार गर्ने लगायतका क्रियाकलाप नगर्न/नगराउन सबैमा अनुरोध गर्दै यस कार्यालयले 'लागूपदार्थ निषेध र मदिरा नियन्त्रण' अभियानलाई उच्च प्राथमिकतामा राखी विविध कार्यक्रमहरु सञ्चालनमा ल्याएको सन्दर्भमा सोको परिपालना गर्नुहुन, नेपाली भाषा, धर्म, संस्कृति र सभ्यतालाई विकृत तुल्याई समाजमा नकारात्मक असर पर्ने खालका गीत, संगीत तथा श्रव्य-दृश्य सामग्रीहरुको उत्पादन, गायन, प्रशारण, बिक्रीवितरण नगर्न/ नगराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ । सो विपरित कोही कसैले यस्ता कार्य गरे/गराएमा प्रचलित कानून अनुसार कारवाही गरिनेछ ।

यमपञ्चक (तिहार) को समयमा यात्रुहरुको सहज आवागमन, सुपथ मूल्यमा गुणस्तरयुक्त खाद्यान्नको सहज उपलब्धता, शान्ति र सुव्यवस्था कायम गर्न र सबैले सामाजिक उत्तरदायित्व बहन गर्दै आ-आफ्नो तर्फबाट आम उपभोक्ता तथा सेवाग्राहीलाई सेवा पुऱ्याउन समेत अनुरोध छ ।

सार्वजनिक विदाका दिनहरुमा समेत नियमित बजार अनुगमन तथा निरीक्षण भइरहने, यात्रामा सहजीकरण, निर्वाध सवारी साधनको आवागमनमा सहजीकरण गर्ने व्यवस्था मिलाइएको छ । कोही कसैले अनुचित फाइदा लिने मनसायले ठगी गर्ने, कानून मिच्ने, गुणस्तरहीन बस्तु बिक्री वितरण गर्ने, कृत्रिम अभाव खडा गर्ने, कालोबजारी गर्ने, लागू औषधको प्रयोग, सेवन र मदिराको अवैध बिक्री वितरण जस्ता गैरकानूनी गतिविधि गरेको पाइएमा कानून बमोजिम हदैसम्मको कडा कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

यसैगरी यमपञ्चक (तिहार) मा दीपावली मनाउने क्रममा भुइँचम्पा, पटाका र आतशबाजी जस्ता विष्फोटक पदार्थको प्रयोगबाट सर्वसाधारण जनताको स्वास्थ्य तथा सुरक्षामा प्रतिकूल असर पर्न जाने, चोटपटक लाग्ने तथा आगलागी भई जनधनको क्षति हुन सक्ने भएकोले त्यस्ता विष्फोटक तथा प्रज्वलनशील पदार्थहरुको उत्पादन, आयात, निर्यात, खरिद, बिक्री वितरण, ओसार-पसार तथा प्रयोग नगर्न/नगराउन र आ-आफ्ना परिवार तथा बालबालिकाहरुलाई भुइँचम्पा, पटका र आतशवाजी जस्ता प्रज्वलनशील पदार्थको खरिद र प्रयोग गर्न नदिन कार्यालय सबैमा अनुरोध गर्दछ। यदि कसैले यस विपरित कार्य गरे/ गराएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

७८।७।१६

नवराज जैसी
प्रमुख जिल्ला अधिकारी